
परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।
सम्पादक

❑ वर्ष १२ ❑ अंक १७ २०८० मंसिर १७ गते आईतवार Sunday 3, DEC 2023 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## कोशी अस्पतालमा न्यूरो सेवा, ९४ वर्षिय बृद्धको सफल शल्यक्रिया









विराटनगर । कोशी प्रदेशको राजधानी विराटनगरमा रहेको प्रदेशकै सब भन्दा ठूलो सरकारी स्तरको कोशी अस्पतालमा पनि न्यूरो सम्बन्धी उपचार भई रहेको छ ।

चोट पटक लाग्ने, दुर्घटनामा परी घाईते हुनेहरुलाई उपचारको लागि निजी अस्पतल मध्ये न्यूरो सम्वन्धी उपचार गर्ने अस्पतालमा पऱ्याउने गरिन्छ तर कोशी अस्पतलमा न्यूरोको उपचार हुँदैन जुन सोचाई छ त्यो सर्वथा गलत छ । कोशी अस्पतलमा पनि न्यूरो सम्वन्धी उपचार भई रहेको न्यूरो सर्जन डाक्टर चन्द्र प्रकाश यादवले वताएको छ ।

सुनसरी जिल्लाको दुहबी नगरपालिका सोनापुर घरभएका ९४ वर्षीय वृद्ध देवी प्रसाद पोखरेलको टाउँकोमा चोट लागेर रगत जमेर दुई हप्ता अगाडि गम्भीर घाइते भएका थिए । आर्थिक अवस्था नाजुक भएका पोखरेल परिवारले उपचार गर्न खर्च नभएपछि कोशी अस्पतालमा कार्तिक ३० गते उपचारको लागि भर्ना गरेका थिए । परिवारको सल्लाहमा रिक्स मोलेर वृद्ध पोखरेलको टाँउको सफल न्यूरो सर्जरी गरेपछि सो कुरा डाक्टर यादवले सार्वजनिक गरेका हुन् ।

देवीप्रसादको टाउँकोमा लडेर चोट लागेपछि दु:खेर असह्यै पीडा हुन थालेपछि उनका छोरा नगेन्द्र पोखरेलले कोशी अस्पतालको ओपीडीमा उपचार गराउन ल्यएको थियो । ९४ वर्षिय वृद्ध बुबाको टाँउको अपरेशन गर्नु भन्दा घर लानु भन्ने सवैको सल्लाह थियो तर डाक्टर यादवले अपरेशन गरेर ठीक हुन सक्छ तपाईहरु अपरेशन गर्नु भन्नु हुन्छ भने म रिक्स लिएर पनि अपरेशन गर्छु भनेपछि डाक्टर यादवको टीमले टाउँकोको शाल्यक्रिया गरेका थिए । शाल्यक्रियापछि पोखरेल पहिलेकै अवस्थामा फर्किएपछि हामी सम्पुर्ण परिवारका सदस्यहरु हर्षित भएका छौ पोखरेका छोरा नगेन्द्र पोखरेलले वताए ।

वांकी अन्तिम पेजमा...

## अग्रगामी समाज बनाउन महिलाको भूमिक महत्वपूर्ण

विराटनगर । अग्रगामी समाज बनाउन महिलाको भूमिका सशक्त तथा महत्वपूर्ण हुने कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले वताएको छ ।

सोमबार विराटनगरमा आयोजित कोशी प्रदेश स्तरीय महिलावादी महिलामञ्च २०८० मा बोल्दै मुख्यमन्त्री कार्कीले सो कुरा वताएका थिए ।

विकासका महत्वपूण क्षेत्रहरू महिलाको हातमा रहेको उल्लेख गर्दै मुख्यमन्त्री कार्कीले त्यसलाई सदुपयोग गर्नुपर्नेमा जोड दिदै 'महिलाका अधिकारका निम्ति कोही माननीयले बजेट माग नगरेको वताए । मानवीय विकासका लागि कसैले बजेट माग गरेका छैन, सबैले आफ्नो घरको बाटो र अवसर जोडिने गरी बजेट माग गर्नुहुन्छ । महिलावादी बन्नका लागि महिलाका अधिकारका सवालमा काम गर्नुहोस् हैन भने त अवसर वादमात्रै हुन्छ ।'

मुख्यमन्त्री कार्की विराट नगरमा स्थापना गरिने हृदय रोगको उपचार केन्द्र सैलजा आर्चायको नाममा स्थापना हुने भएकाले त्यसको प्रारम्भ बजेटको कार्यान्वयनसँगै हुने जानकारी गराएका थिए । प्रदेश सरकारले भौतिक विकाससँगै मानवीय विकासमा पनि जोड दिने भएकाले महिला अधिकारका क्षेत्रमा सशक्त भएर काम गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

## सामूहिक अन्तर्जातीय विवाहमा १३ जोडी सहभागी

विराटनगर । मधेश प्रदेशको धनुषा जिल्लामा सामुहिक अन्तर्जातीय विवाहमा १३ जोडी सहभागी भई विवाह सम्पन्न भएको छ ।

मिथिला नगरपालिका-२ स्थित सतलोक आश्रममा १३ जोडीको सामूहिक एवम् आदर्श तथा अन्तरजातीय विवाहमा नेपालका चार जोडी र भारतका ९ जोडी रहेका थिए । शन्त रामपाल महराजले स्थापना गरेको आश्रममा ५१० औं तीन दिवसीय दिव्य धर्म यज्ञको अवसरमा सोमबार १३ जोडीको सामूहिक विवाह गराइएको हो ।

असुर निकन्द रमेणी मन्त्रको उच्चारण गरी १७ मिनेटमा १३ जोडीको सामूहिक विवाह सम्पन्न गराइएको शन्त रामपालका अनुयायी इश्वरदत्त भट्टले जानकारी दिए । उनका अनुसार असुर निकन्दन रमेणी मन्त्रको उच्चारण गरी १७ मिनेटमा सम्पन्न गरिने भएकाले यसलाई रमेणी विवाह पनि भनिन्छ ।

उक्त विवाह पूर्णत : आदर्श एवं दाइजोमुक्त हुन्छन् । जातीय वा अन्तरजातीय विवाह गर्नु पहिले सबै जोडीका अभिभावक को अनुमति एवं उपस्थिति अनिवार्य हुनुपर्ने भट्टले दावी छ ।

आइतबारदेखि चलिरहेको तीन दिवसीय दिव्य धर्म यज्ञमा शन्त गरीब दासज महाराजको अमरवाणी अखण्ड पाठ, रक्तदान शिविर, विशाल भण्डारा तथा दाइजोमुक्त विवाह कार्यक्रम भइरहेको आश्रमले जनाएको छ ।

## तराई मधेशमा मनाउने सामाचकेवा पर्व सम्पन्न

**उषा सरदार**

विराटनगर । तराई मधेशमा मनाउने सामाचकेवा पर्व कोशी प्रदेशको राजधानी विराटनगरको सिमानासंग जोडिएको कटहरी गाउँपालिका वडा नं. २ मा रहेको नेपाल गनगाई महिला परिषद केन्द्रीय कार्य समितिले विभिन्न कार्यक्रमको आयोजना गरी दिदी वहीनी र नन्द भाउजु मिलेर मंगलवार सामाचकेवा पर्व सम्पन्न गरेका छन् ।

गनगाई समुदायमा लोप हुन लागेको सामाचकेवालाई संरक्षण गर्ने उदेश्यले नेपाल गनगाई महिला परिषद केन्द्रीय कार्य समितिले विभिन्न कार्यक्रमको आयोजना गरी सामाचकेवा मनाएको थियो ।

सामचकेवा गनगाई समुदायका महिलाले परापुर्व काल देखि दिदी बहिनी, दाजुभाई बिच सुमधुर ससम्बन्ध कायम राख्नका लागि मनाइने चाडपर्व मध्ये सामाचकेवा एक महत्वपुर्ण पर्व पनि हो ।

सामा भनेको वहिनी चकेवा भनेको भाई हुन् उनीहरु त्रेता युगमा कृष्ण भगवान चराको रुपधारण गरेर बहिनीलाई रक्षा गरेका थिए । यसरी उनलाई भगवान कृष्णले आफ्नो माया ममता दिएकोले पूर्णिमाको अवसरमा सामाचकेवा मनाएको नेपाल गनागाई महिला परिषद केन्द्रीय कार्य समितिकी अध्यक्ष आसा सरदारले वताएका थिए ।

गनगाई जातिका महिलाहरु भेलाभई अर्थात समूह बनी महिलाहरुले समा (बहिनी) ले चकेवा (भाई) र (सतभैया) को मुर्ति बनाएर पूजा गर्दछन् । आ-आफ्ना घर परिवारका सदस्यहरु स्वास्थ्य र राम्रो रहोस्, भन्ने विश्वासका साथ मनाउने गरिन्छ ।

सामाले आफ्ना दाजु भाई प्रति आयु लामो होस कुनै पनि कार्यहरुमा विजय प्राप्त गर्न सकुन भनेर गरेको कामना त्रेता युगमा सत्य कायम रहेको नेपाल गनगाई परिषदका केन्द्रीय अध्यक्ष बालदेव मण्डलले वताएका थिए । कार्यक्रममा प्रतिनिधि सभाका सभा सदस्य योगेन्द्र मण्डलले सामाचकेवा गनगाई जातिले परा पूर्वकाल देखि मनाईदै आईरहेको दावी गर्दै पर्वलाई संरक्षण गर्न सदनमा आवाज उठाउने प्रतिवद्धता व्यक्त गरेका थिए ।

वांकी अन्तिम पेजमा...




SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

क्राईम अपरेशन
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## पाठ्यक्रममै...

वक्तृत्वकला, हाजिरीजवाफ जस्ता अभ्यासलाई समेट्ने, विद्यार्थीको सहभागितामा परियोजना कार्यहरू गराउनुपर्छ । यसले लैंगिक हिंसा सम्बन्धी विषयमा विद्यार्थीलाई अध्ययन गराउन थप सहयोग पुग्दछ । यसरी मुलुकले अहिलेको घटना घट्ने दर र दिगो रूपमा हिंसा अन्त्य गर्ने कार्यमा सफलता हासिल गर्न सक्दछ ।( लेखक अधिकारकर्मी हुन् ।) अनलाईन खवरबाट

## कोशी...

९४ वर्षिय वृद्ध बुवाको आस मारि सके अवस्थामा कोशी अस्पतालका डाक्टरहरुको प्रयासले अहिले बुबाको पुन : जन्मभएको वताउँदै अस्पतालका न्यूरो सर्जन डाक्टर यादव सहितका टीमलाई धन्यवाद दिएका थिए ।

आर्थिक अवस्था कमजोर भएका कारण पिडीत देवीप्रसादको उपचार अस्पताल प्रशासनले निःशुल्क शल्यक्रिया गरिदिएको छ । कोशी अस्पताल भन्दा अन्य अस्पतालमा टाउँकोको न्यूरो सम्बन्धी उपचार गर्दा एक त वृद्धको शाल्य क्रिया नै गर्दैन थियो । अर्को कथन कदाचीत शल्यक्रिया गरेको भए ५ लाख भन्दा बढी खर्च लाग्ने अस्पतला स्रोतले वताए ।

कोशीअस्पतालका न्यूरो सर्जन डाक्टर यादवको नेतृत्वको टोलीले पोखरेको एक हप्तादेखि नियमित हेरचाह गर्दैआई रहेका थिए । एक पटक गौ दान गरी सकेका देवी प्रसादको ठाउँकाको दुवैपट्टी रगत जमेर मृत्युशैया वरण गरिसकेको अवस्थामा ढेड घण्टा लगाएर सफल शल्यक्रिया गरेर बचाउन सफल भएको न्यूरो सर्जन डा.यादवले वताए । कोशी अस्पतालमा न्यूरो सम्वन्धी शाल्यक्रियाको लागि जनशक्ति लगनयत प्राविध सुविधाहरु भएमा सस्तोमा जटिल न्यूरो सम्वन्धी समस्याका विरामीहरुको उपचार गर्न सकिने डाक्टर यादवको भनाई छ ।

बिरामी पोखरको मंसिर ११ गते मंगलवार डिस्चार्ज भइ घर गई सकेको छ । बिरामी अहिले खान, बस्न र हिडडुल गर्न सक्ने भएका छन् । अस्पतालमा न्यूरो सेवा प्रदान गर्न न्यूरो सर्जरी वार्डमा मेडिकल अधिकृत र नर्सहरुको आवश्यकता छ ।

त्यससँगै थप उपकरणहरुको पनि आवश्यक रहेको वताउँदै अस्पतालमा टाउँकाको सिस्टहरू निकाल्ने गरिएको थियो । टाउँको खोलेर मतिष्कमा गाडिएको हड्डी निकाल्ने शल्यक्रिया गरेको थियो । अहिले न्यूरो सर्जन डा.यादवको नेतृत्वको टोलीले टाउँकोमा रतत जमेको ९४ वर्षीय वृद्धको सफल शल्यक्रिया गरेका छ । कोशीमा न्यूरो सर्जरीको सेवाहरु अहिले संचालनमा रहेको छ । कोशीमा न्यूरो सर्जन एक जनाको दरबन्दी छ । थप जनशक्ति र पर्याप्त उपकरणहरु भए ब्रेन ट्युमरको शल्यक्रिया देखि मेरुदण्डसम्मको उपचार गर्न सकिने त्यसको लागि आईसीयू कक्ष आवश्यक रहेको डाक्टर यादवको भनाई छ ।

## तराई मधेश...

गनगाई समुदायले यसरी कृष्ण भगवान चराको रुपधारण गरेर वहिनी प्रतिको माया ममता र सद्भाव देखाएकाले झापा र मोरंग गरी दुई जिल्लामा छरीएर रहेका गनगाई समुदायका महिलाहरुले सामाचकेवा पर्व कार्तिक पुर्णीमाका दिन मनाउने गर्दछन् । गनगाई जातिका महिलाहरु भेलाभई अर्थात समूह बनी लक्ष्मी पूजाका दिन बालेको दियो र छटको घाटबाट माटो ल्याई मुर्ति बनाउने र त्यसलाई पूजा गर्ने चलन रहेको पाईन्छ ।



गनगाई जातिका महिलाहरु भेलाभई अर्थात समूह बनी सामा चकेवा खेल्दै । तस्वीर : सारिका

सामाचकेवा लगायत चुगलाको मुर्ति बनाई सके पछि हिन्दु परम्परा अनुसार पूजाको कार्य सुरु गर्छन । सामा चकेवाको मुर्ति बनाई बाँसको डाल (ढाकी, छिटा), मा राखेर धुप, दिप अक्षता र फलफुल, आदी चढाएर पूजा गर्ने चलन्छ । पूजा-आजा सकि सकेपछि साझ पख गनगाई समुदायका महिलाहरु सामा चकेवामा आधारीत गीत गाएर नाच्ने, रमाउने गर्दछन् ।

भाई बहिनी बीच राम्रो सम्बन्ध राखनका लागि र माइतमा छोरीको मान मर्दन रहोस भनी गनगाई जातीका महिलाहरुले आपसमा सद्भाव कायम राखेकाले यो पर्व मनाउने गरेको पाईन्छ । बहीनीले आफ्नो मुर्ति बनाएर भाई वा दाजुको हातमा दिन्छन् त्यस मुर्तिलाई दाजु वा भाईले घुंडामा राखी बहिनीको मुर्तिलाई फुटाउँछ । जसका कारण उनीहरु बिच आपसी सम्झ दारी एवम माया ममताको एक ढिका हुन जान्छ बहिनीको मुर्ति फुटाउँदा सबैमा चिन्ता र पछुताव हुन आउँछ । त्यो मित्रता सधै कायम राख्नका लागि गनगाई जातिका महिलाहरु समाचकेवा पर्व मनाउँछन् ।

सामाचकेवा पर्व गनगाई महिलाहरु मात्र नभएर तराई मधेशमा बसोवास गर्ने सवै जातिजातीका महिलाहरुले मनाउने गरिन्छ । महिलाले दाजुभाइको सौर्य वृद्धिको कामनासहित मनाउने सामाचकेवा पर्व कात्तिक शुक्ल पञ्चमी (छठ पर्वको खरना) का दिन सुरु गरेर ११ दिन सम्म आफ्ना दाजुभाइको सौर्य बखान गर्दै गीत गाएर मनाउने यो पर्व पूर्णिमा तिथि पारेर सोमवार टोलको चौक, चौवाटो, सडकपेटी, सामुदायिक भवनहरुमा सामूहिक रुपमा जम्मा भएर दिदीबहिनीले गीतमार्फत आफूप्रति दर्साएका प्रेम र समर्पण भावले रोमाञ्चित गराउने गराउने गर्दछन् ।

सामाचकेवा पर्वमा सतभैया (सप्तर्षि), चुगला, सामा र चकेवाका माटाका आकृति अगाडि राखेर गीत गाउँदै गाउँने गर्दछन् । दाजुभाई वीच झगडा लगाउने पात्रको रुपमा रहेका चुगलाको चुगलाको दाह्रीमा आगाले झोस्दै सामाचकेवा पर्व सम्पन्न हुन्छन् । यो पर्वको मुख्य उदेश्य पनि समाजमा रहको कुरा काट्ने, एक अर्को वीच कुरा लगाएर झगडा लगाउने चुगला पात्रहरुलाई समाजवाट हटाउनु पर्ने रहेको छ ।


# जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खाने कुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार, विज्ञापन बोर्ड



# पूर्वाधार विकास कार्यालय विराटनगर, मोरंग

## पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

- सडकमा घरपालुवा चौपायाहरू बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रुख विरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादी निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ बाँयामा क्षति हुनेकुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाईं हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवास निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिस्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधीकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुल, पुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिम रहित पुर्वाधार सेवा प्राप्ती नागरीक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।



# विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- ❒ सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❒ सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# प्रदेश सरकारलाई पूर्णता देउ

सत्ताको खिचातानीले कोशी प्रदेश सरकार पूणता पाउन सकेका छैन । कोशी प्रदेशका मुख्य मन्त्री केदार कार्कीले तीन जना विना विभागिय मन्त्री सहित असोज २७ गते कांग्रेसका ८ प्रदेश सभा सदस्य र एमालेका ४० प्रदेश सभा सदस्यको समर्थनमा कार्की मुख्य मन्त्री बनेका थिए । त्यसको भोली पल्ट मुख्यमन्त्रीको शपथ तथा गोपनीयताको शपथ गर्दे एमालेका उपनेता रामबहादुर मगर र कांग्रेसका शम्शेर राईलाई विना विभागिय मन्त्री नियुक्त गरेका थिए । एमालेको सल्लाह विना मुख्यमन्त्रीले नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीवाट समेत मन्त्री थपेपछि एमालेका मगरले पूर्व सहमति पालना नभएको भदै राजीनामा दिएका थिए ।

कोशी प्रदेश सरकारमा रहेको आठवटा मन्त्रालय मुख्यमन्त्रीले आफैसंग राखेर हाली मुलहाली गरि रहेका छन् । डेढ महिना विती सक्दा पनि कोशी प्रदेश सरकार पूर्णता पाउने कुनै छाट काट छैन । प्रदेश सरकारवाट एमाले वाहिरिएपछि कार्तिक १७ मा माओवादी केन्द्रको तर्फवाट गणेश प्रसाद उप्रेती र नेकपा एकीकृत समाजवादीका कमल प्रसाद जवेगुसमेत विनाविभागीय मन्त्री रहेका छन् । विनाविभागीय मन्त्री बनेका तीनै जनालाई मन्त्रालयको जिम्मेवादी दिने तयारी गरेका छन् तर सरकारलाई पूर्णता दिने कुनै छाटकाट छैन ।

मुख्यमन्त्री कार्कीले एमाले सरकारवाट वाहिरिएपछि आफूलाइ साथ दिएका कांग्रेसका ८ प्रदेश सभा सदस्यहरु मध्येबाट राईलाई आन्तरिक मामिला तथा कानुन मन्त्रालय, नेकपा माओवादी केन्द्रका उप्रेतीलाई पर्यटन, वन तथा वातावरण मन्त्रालय र एकीकृत समाजवादीका जवेगुलाई भौतिक पूर्वाधार विकास मन्त्रालयको जिम्मेवारी दिने तयारी गरेको छ तर कोशी प्रदेश सरकारलाई पूर्णता दिने कुनै तयारी छैन । जसले गर्दा प्रदेशका विकास निर्माण लगायतको काम ठप्प रहेको छ भन बजेट संचालनमा आई रहको छैन । त्यसैले कोशी प्रदेश सरकारलाई चाडोभन्दा चाडो पूर्णता देउ अन्यता मुख्यमन्त्री पद धरापमा नपर्ला भन्न सकिन्न ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ । दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : मनमा अनावश्यक तर्ककतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : विद्याथीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ । कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ।**

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# पाठ्यक्रममै समेटिनुपर्छ लैंगिक हिंसाको विषय

लिंगको आधारमा हुने हिंसा दिगो मानव विकासको प्रमुख बाधक र लैंगिक समानता हासिल गर्ने बाटोको प्रमुख चुनौती हो ।

यसले विकास र उत्पादनशील कार्यलाई निरुत्साहित तथा घर र समाजलाई विखण्डन गर्दछ । जब घर र समाज नै शान्त र हिंसारहित बन्न सक्दैन मानिस सृजनशील बन्न र समाजको लागि योगदान गर्न सक्दैन ।

हिंसाले मुलुकमाथि अनावश्यक आर्थिक तथा कार्यगत भार थोपर्छ । महिलामाथि हुने हिंसाले स्वास्थ्य सेवा लगायत प्रहरी, अदालत र सामाजिक कल्याणका कामहरूमा पनि खर्च वृद्धि गराउँछ । यसका साथै हिंसामा संलग्न दोषीको प्रतिष्ठामा आँच पुऱ्याउनुका साथै उनीहरूलाई अमानवीय वा निर्दयी बनाउन पनि झन् बढी मद्दत गरिरहेको हुन्छ ।

महिला विरुद्ध र महिला भएकै कारणले हुने सम्पूर्ण हिंसात्मक कार्य महिलामाथि हुने हिंसा हुन् । पछिल्लो समय महिला माथि मात्र नभएर तेस्रो लिंगी र पुरुष माथि पनि लैंगिकताको आधारमा विभेद र हिंसाका घटना बढिरहेका छन् । त्यसैले महिला हिंसा मात्र नभनेर यसलाई लैंगिक हिंसा भनिन्छ ।

लैंगिक हिंसा अन्त्य गर्नको लागि हरेक वर्ष नोभेम्बर २५ देखि १६ दिनसम्म विश्वभरि अभियान नै सञ्चालन हुन्छ । यस्तै मार्चमा अन्तर्राष्ट्रिय महिला दिवसको रूपमा मनाइन्छ । यस्ता अभियानहरूको मुख्य उद्देश्य लैंगिक समानता कायम गर्ने, महिलाको आफ्नो शरीर माथिको स्वनिर्णयलाई नि:शर्त बनाउने, राज्यको सबै निकायमा महिलाको अर्थपूर्ण सहभागिताको लागि वातावरण सुनिश्चित गर्न स्थानीयदेखि संघ तहसम्म पैरवी गर्ने आदि हो ।

लैंगिक समानता सुनिश्चितता का लागि भएका प्रतिबद्धताहरू कार्यान्वयन गर्ने/गराउने, लैंगिक उत्तरदायी संरचना निर्माण गर्ने/गराउने, वर्षभरि भएका हिंसाका घटनाहरूको विश्लेषण गरी हिंसाको अवस्था अन्त्यको लागि सरोकारवालाहरूलाई जिम्मेवार बनाउनु यसको अर्को उद्देश्य हो ।

सधैं झैं यो वर्ष पनि 'लैंगिक हिंसा अन्त्यको सुनिश्चितता, महिला र बालबालिकामा लगानीको ऐक्यबद्धता' भन्ने मूल नाराका साथ लैंगिक हिंसा विरुद्ध १६ दिने अभियान नोभेम्बर २५ देखि डिसेम्बर १० सम्मको लागि सुरु भएको छ ।

अन्तर्राष्ट्रिय स्तरमा नोभेम्बर २५ लाई महिला हिंसा विरुद्धको दिवसको रूपमा मनाउन थालेको ७३ वर्ष भइसकेको छ भने संयुक्त राष्ट्रसंघले यस दिनलाई अभियान सुरु हुने दिनको रूपमा मान्यता दिएको पनि २४ वर्ष भयो ।

नेपालमा भने यो अभियानलाई सरकारले २०५४ सालदेखि नै लैंगिक हिंसा विरुद्धको रूपमा मान्यता दिएको हो । मुलुकमा औपचारिक, अनौपचारिक रूपमा विगत ८० वर्षभन्दा लामो समयदेखि महिला हिंसा लगायत समग्र लैंगिक हिंसाको विरुद्ध कार्यक्रमहरू हुँदै आएको भएतापनि प्रत्येक वर्ष हिंसाका घटनाहरू बढिरहेका छन् ।

केही सचेत मान्छेकै बीच केन्द्रीकृत कार्यक्रम गर्ने र अभियान सकिएपछि धेरैको यो विषयमा ध्यान नै नजाने भएर पनि लैंगिक हिंसाका अपराधहरू बढिराखेको हुनसक्छ । मुलुकमा वर्षभरि घट्ने कुल अपराधको ३१ प्रतिशत तथ्यांक लैंगिक अपराधको छ ।

विगत १० वर्षदेखिको लैंगिक अपराधको घटनाका तथ्यांकलाई विश्लेषण गर्दा यो घट्नेभन्दा बढ्दो क्रममा छ । गत आर्थिक वर्षको प्रहरीमा दर्ता भएका लैंगिक अपराधका मुद्दाको तथ्यांकलाई हेर्दा कुल तथ्यांकको भण्डै ८० प्रतिशत मुद्दा लैंगिक हिंसा अन्तर्गत घरेलु हिंसाको छ ।

अब यस्ता अभियानहरू समाजको आवश्यकतासँग जोड्दै थप व्यावहारिक बनाउनुपर्छ । गाउँ-बस्ती स्तरमा लैंगिक हिंसा के हो र यसलाई किन सहनुहुन्न, हिंसा भइहाले कानुनी उपचार के छ भनेर आम मानिसलाई बुझाउनुपर्दछ ।

धेरै वर्षदेखि लैंगिक हिंसाबारे कार्यक्रमहरू महिलाको बीचमा मात्र गरियो । आगामी दिनमा यस्ता सचेतनामूलक कार्यक्रम महिला र पुरुष दुवैलाई राखेर गर्नुपर्छ ताकि यो सहसचेतनामूलक बन्न सकोस् ।

लैंगिक हिंसा निवारण गर्न घरभित्रबाट सबै प्रतिबद्ध हुनुपर्दछ भन्ने सन्देश विद्यार्थी मार्फत प्रवाह गर्दा लैंगिक हिंसा न्यूनीकरणमा मद्दत पुग्दछ । लैंगिक हिंसा तत्कालीन समस्या मात्र होइन, यसले दशकौं पछाडिसम्म पनि हाम्रो समाजलाई असर पुऱ्याइराख्छ, यसको कालो छायाँ रहिरहन्छ ।

यसको अन्त्यका लागि तदनुरूप रणनीतिक योजना बनाएर काम सुरु गर्नुपर्छ । त्यो भनेको लैंगिक हिंसा विरुद्धको साक्षरताको विषय अब विद्यालय तहको पाठ्यक्रममै समावेश गरेर अध्यापन गराइनुपर्दछ ।

परम्परागत मूल्य-मान्यता र हानिकारक अभ्यासहरूले निम्त्याउने हिंसाको बारेमा विद्यालय तहका पाठ्यक्रममा पठाउँदा सांस्कृतिक रूपान्तरणको जग बस्छ । तिनै बालबालिका ठूलो हुँदै जाँदा परम्परागत हानिकारक मूल्य-मान्यतालाई छोड्छन् ।

यसक्रममा हाम्रो मौलिक सांस्कृतिक परम्पराका सकारात्मक र वैज्ञानिक पक्षलाई भने जगेर्ना र तदनुरुप नै प्रशिक्षित गर्नुपर्छ ।

गत आर्थिक वर्षको लैंगिक हिंसा सम्बन्धित तथ्यांक विश्लेषण गर्दा कुलमध्ये भण्डै ८० प्रतिशत घरेलु हिंसाका घटना छन् ।

घरेलु हिंसा, बोक्सीको आरोप, दाइजो प्रथा, बालविवाह, बहुविवाह जस्ता घटना घट्नुमा पनि हानिकारक मूल्य-मान्यताको मुख्य असर देखिन्छ । परम्परागत खराब मूल्य-मान्यताका कारण महिला तथा बालिकाहरू मानवअधिकारका आधारभूत अधिकारबाट समेत वञ्चित छन् । जसका कारण लैंगिक समानता हासिल गरी समावेशी विकास गर्न राज्यलाई अवरोध पुगिरहेको छ ।

वर्षौंदेखि सरकारले बालविवाह रोकथाममा धेरै काम गर्दै आएको छ तर पनि यस्तो हानिकारक अभ्यास अन्त्य हुनसकेको छैन । विद्यालय पाठ्यक्रममै यो विषयलाई राखेर पढाउँदा विद्यार्थी परिवारमा गएर भन्न सक्छन्– 'बालविवाह अपराध हो, यसमा म सहभागी हुन सक्दिनँ ।' यसबाट एउटा सामाजिक रूपान्तरण सुरु हुन्छ ।

बालबालिकालाई बालविवाहको दीर्घकालीन असर बुझाउन नसक्दा, यसको कानुनी उपचारबारे ज्ञान नदिंदा आजभोलि अभिभावककै इच्छा विपरीत बालबालिका आफैं बालविवाहमा अग्रसर भएका उदाहरण पनि छन् । त्यसैले अब यी विषयलाई पाठ्यक्रममा समावेश गर्न ढिला भइसकेको छ ।

पाठ्यक्रमबाट सैद्धान्तिक ज्ञान दिनुका साथै विद्यालयको अतिरिक्त क्रियाकलापमा विद्यार्थीबीच किशोर-किशोरी समूह निर्माण गर्दै उनीहरूकै सहभागिता र नेतृत्वमा कम्तीमा महिनाको एकपटक अभियान सञ्चालन गरेर लैंगिक हिंसा अन्त्यमा उल्लेख्य योगदान गर्न सकिन्छ । यसको लागि स्थानीय सरकार र विद्यालय शिक्षक अत्यन्तै जागरुक र प्रतिबद्ध हुन जरूरी छ ।

लैंगिक हिंसाको विषयलाई पाठ्यक्रममा समावेश गरी उक्त विषयको शिक्षक तयार गरी वेला-वेलामा विद्यालय सञ्चालक समिति र अभिभावकबीच स्कुलमा अभिमुखीकरण र सचेतनामूलक अन्य क्रियाकलापमा पनि सहभागी गराउनुपर्छ । अध्यापनसँगै विद्यालय परिवारलाई नै यस विषयमा तालिमप्राप्त बनाउनुपर्छ ।

हिंसाका घटना आए विद्यालयमा बनाइएका किशोर-किशोरी समूहमा रिपोर्टिङ गर्ने र शिक्षक तथा विद्यार्थीको समूहले पनि उक्त घटनाका दोषीमाथि कारबाहीको पहलकदमी लिने वातावरण सिर्जना गर्नुपर्छ ।

विद्यालय पाठ्यक्रममा हिंसा नियन्त्रण रोकथामसँग सम्बन्धित सामग्री समावेश गर्ने, चित्रकला,

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# अन्तर्राष्ट्रिय कृषि, पर्यटन तथा औद्योगिक प्रदर्शनी पुस ६ देखि विराटनगरमा

विराटनगर । मोरंग व्यापार संघले आउँदो पुस ६ गते देखि १६ गते सम्म अर्थात २२ डिसेम्वर २०२३ देखि १ जनवरी २०२४ सम्म देखि विराटनगरमा 'मोरंग व्यापार संघ एक्स्पो २०२३' (अन्तर्राष्ट्रियस्तरीय कृषि, पर्यटन तथा औद्योगिक प्रदर्शनीको आयोजना गर्ने तयारी तयारी गरिरहेको छ ।

संघले सोमबार पत्रकार सम्मेलन गरेर विराट नर्सिङ होम पूर्व शंकरपुर मार्गको खाली मैदानमा संघकै नामबाट एक्सपोको आयोजना गर्न लागेको जानकारी गराएका थिए ।

संघका अध्यक्ष रिजालले एक्सपोमा १५ करोड भन्दा बढि रुपैयाँको कारोबार हुने र ४ लाख भन्दा बढि दर्शकले एक्सपोको अवलोकन गर्ने जानकारी गराएका थिए । एक्सपो सम्पन्न गर्न साढे ३ करोड भन्दा बढि रुपैयाँ खर्च हुने जानकारी गराएका थिए ।

नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रिय सदस्य तथा मोरङ व्यापार संघका अध्यक्ष नविन रिजालले एक्सपोलाई भव्य रुपमा सम्पन्न गर्न संघका उपाध्यक्ष अनिल साहलाई संयोजक, संघका सचिव संजय श्रेष्ठ र कार्यकारिणी सदस्य अमित सारडालाई सह-संयोजकको जिम्मेवारी सुम्पिएको जानकारी गराएका थिए ।

संघको विज्ञप्तीमा अगाडी भनिएको छ । मुलुककै जेठो उद्योग वाणिज्य संघ एवं नेपाल उद्योग वाणिज्य महासंघको संस्थापक सदस्य यस मोरंग व्यापार संघ वि.सं. २००७ सालमा स्थापना भएदेखि नै मुलुकको आर्थिक र सामाजिक मामिलामा अग्रणी भूमिका खेल्दै आएको सर्व विदितै छ । यस संस्थाको मुख्य उद्देश्य राष्ट्रलाई औद्योगिकीकरणतर्फ उन्मुख गर्ने र उच्च मनोबलका साथ आर्थिक क्रियाकलापमा विविधीकरण गरी अधिकार, हित र व्यावसायिक मर्यादाका लागि स्वतन्त्र र स्वाभिमानी अर्थतन्त्रको निर्माण गरी उद्योग/ व्यवसायीहरुको हक र हितको संरक्षण र प्रवर्द्धन गर्नु रहेको छ । यसका साथै संघले देशमा हुने प्राकृतिक प्रकोप, खेलकुद, साहित्यिक, धार्मिक, सामाजिक र मानवीय कार्यमा आर्थिक सहयोग गर्दै आएको छ भने विभिन्न सरकारी, सार्वजनिक तथा सामुदायिक पूर्वाधार निर्माणमा समेत महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ ।

यस्तै, मुलुकको आर्थिक मेरुदण्डीय उद्योग/व्यवसायको हक, हित, संरक्षण एवं यस क्षेत्रको आर्थिक गतिविधिको विकास एवं प्रवर्द्धनका लागि निरन्तर प्रयासरत रहँदै आएको यस संघले यस प्रदेशका स्वदेशी उत्पादनहरु सहित कृषि, पर्यटन, ऊर्जा लगायत अन्य सम्भावित क्षेत्रहरुको प्रवर्द्धन एवं विकासमा जोड दिनुका साथै यस




क्षेत्रका आर्थिक गतिविधिहरुलाई राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरमा झल्काउँदै गतिशील एवं प्रभाव शाली बनाउने उद्देश्य लिई समय समयमा यस ऐतिहासिक औद्योगिक नगरी विराटनगरमा मेला, महोत्सव, प्रदर्शनी आदि आयोजना गर्दै आएको सर्व विदितै छ । यस आर्थिक क्षेत्रको गतिविधिहरुको सम्वर्द्धन एवं विकासका लागि यस संघले विगतमा कोशी महोत्सव २०५३, पूर्वाञ्चल औद्योगिक व्यापार मेला २०५७, विराट महोत्सव २०६२, विराट महोत्सव २०७०, विराट ट्रेड एक्स्पो २०१८ (२०७५), विराट ट्रेड एक्स्पो २०२२ (२०७८) आदि भव्यताका साथ आयोजना गरी उदाहरणीय रुपले सफलता हासिल गरेको र यस क्षेत्रको उद्योग, व्यवसाय, कृषि, पर्यटन तथा सेवा क्षेत्रहरुको विकास र प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याएको स्मरण गराउन चाहन्छौं ।

सोही उद्देश्यहरु अनुरुप विगतका वर्षहरु भैं यस वर्ष पनि यस संघले २०८० पौष ६ गते देखि १६ गते (22 Dec. 2023 to1stJan. 2024)सम्म विराटनगरमा 'मोरंग व्यापार संघ एक्स्पो २०२३' (अन्तर्राष्ट्रिय स्तरीय कृषि, पर्यटन तथा औद्योगिक प्रदर्शनी)को आयोजना गर्ने तयारी गरिरहेको व्यहोरा सहर्ष जानकारी गराउँछौं ।

मुलुकको विद्यमान शिथिल आर्थिक गतिविधिलाई चलाय मान बनाउनुका साथै स्वदेशी उद्योग/व्यवसायको प्रवर्द्धन, नेपाल व्यापार रणनीति (ल्त्क्ष्क) अन्तर्गत पहिचान गरिएका यस प्रदेशका अधिकांश वस्तुहरु सहित अन्तर प्रादेशिक उत्पादन र सेवाहरुको राष्ट्रिय/ अन्तर्राष्ट्रिय बजार विस्तार, स्वदेशी एवं विदेशी लगानी कर्ताहरु बीच व्यवसायीक सम्बन्ध र सहकार्य स्थापना, यस प्रदेशका पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार लगायत कैयौं प्रवर्द्धनात्मक कार्यहरु गराउने प्रमुख उद्देश्य सहित यस औद्योगिक/ व्यवसायिक क्षेत्रको विकास एवं प्रवर्द्धनार्थ विशेष सहयोग पुऱ्याउने अभिप्रायले यस संघले यस वर्ष पनि सो एक्सपो संचालन गर्न लागेको हो ।

साथै, यस वर्षको एक्स्पोले नयाँ र विद्यमान उत्पादन र सेवाहरु प्रदर्शन गर्न, स्वदेशी र विदेशी उत्पादनहरु प्रदर्शन गर्न, बिक्री गर्न र व्यापार र लगानीको सम्भावनाहरु बारे छलफल गर्ने उत्कृष्ट थलो हुनुका साथै उत्पादक तथा वितरकहरुलाई आफ्ना उत्पादन र सेवाहरुको प्रदर्शनी एवं देश र विदेशमा आफ्नो बजार विस्तार र विविधीकरण गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिएका छौं ।

मोरङ-सुनसरी आर्थिक करिडोरको प्रवर्द्धन, विकास, वृद्धि र अर्थतन्त्रलाई पुनः प्राप्ति गर्ने मुख्य उद्देश्यले आयोजना गरिने यस पटकको मेलामा नेपालमै सबैभन्दा ठूलो जर्मन प्रविधिकोह्याङगर र२५०अक्टानम स्टल मार्फत नेपालका घरेलु, साना, मझौला तथा ठूला उद्योगहरुका अतिरिक्त यस प्रदेशका महत्व झल्किने कला-संस्कृति, पर्यटन, शिक्षा, स्वास्थ्य, कृषिजन्य तथा औद्योगिक उत्पादनहरुको प्रदर्शनीका अलावा छिमेकी राष्ट्र भारत लगायत बंगलादेश, पाकिस्तान आदि देशका उत्पादित वस्तुहरुको उत्पादनकर्ता र उपभोक्ता बीच सुमधुर सम्बन्ध कायम गराइने छ ।

साथै, मेलामा दर्शकहरुलाई मनोरञ्जन प्रदान गर्न विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कलाकारहरुबाट साँस्कृतिक कार्यक्रम र विभिन्न मनोरञ्जनात्मक सामाग्रीहरु, सेल्फी जोन, किड्स जोन आदि राख्नुका साथै मुख्य आकर्षणको रुपमा नेपाली कलाकृतिमा आधारित प्रवेशद्वार निर्माण गरिने छ भने यस मेलामा स्वदेश र छिमेकी मुलुकबाट करिब चार लाख दर्शकको आगमन हुने अपेक्षा लिएका छौं ।

स्थानीयस्तरमा आयोजना हुने जुनसुकै कार्यक्रम सफल हुनुमा स्थानीय, निजी र सरकारी सबै निकाय सहित संचारकर्मीहरुको भूमिका अत्यन्तै महत्वपूर्ण रहने हुनाले यस पटकको एक्स्पो पनि संघीय सरकार, कोशी प्रदेश सरकार, विराटनगर महानगरपालिका, दुहबी नगरपालिका, कटहरी र बुढिगंगा गाउँपालिका, नेपाल उद्योग वाणिज्य महासंघ, काठमाडौं, नेपाल उद्योग परिसंघ, कोशी प्रदेश, उद्योग संगठन मोरङ, नेपाल घरेलु तथा साना उद्योग महासंघ, मोरङ, विराट व्यापार संघ, मोरङ अटोमोवाइल डिलर्स एशोसिएशन लगायत विभिन्न स्थानीय व्यवसायिक संघ/संस्थाहरु लगायतका निकायहरुको समन्वय तथा सहयोगमा संचालन हुन लागेको यस एक्स्पोलाई भव्यतापूर्वक संचालन गराउन तपाई संचारकर्मीको पनि निरन्तर साथ र सहयोगको अपेक्षा लिएका छौं विज्ञप्तीमा उल्लेख छ ।




## बजेट कार्यान्वयनसँगै कानूनी साहयत पाउँछन् : मुख्यमन्त्री

विराटनगर । विपन्नलाई निःशुल्क कानुनी सहायता कार्यक्रम यसै आर्थिक वर्षबाट कार्यान्वयनमा आउने कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले वताएको छ ।

मानवअधिकार मञ्च नेपालले सोमबार विराटनगरमा आयोजना गरेको स्थानीय तहमा सर्वसुलभ र गुणस्तरीय न्याय सेवामा एकरूपताका लागि आवश्यक कानुन तथा मापनका सूचकहरू विषयक प्रदेशस्तरिय कार्यशालामा बोल्दै उहाँले न्यायको पहुँचमा नपुगेका नागरिकलाई पहुँचमा ल्याउने जानकारी गराएका थिए ।

'कतिपय नागरिकहरू निवेदन लेख्नै सक्ने अवस्था नरहेको अवस्थामा त्यस्तोमा हामीले निःशुल्क हुने गरी बजेटमा व्यवस्था गरेका छौं । उहाँले भन्नुभयो, बजेट पास हुने वित्तिकै कार्यान्वयनमा जान्छ, त्यसमा कतिपय सङ्घ सरकारले गरिरहेको छ भने सङ्घीय सरकारको उपस्थिति नभएको ठाउँमा हामी उपस्थिति जनाउँछौं ।'

मुख्यमन्त्री कार्कीले स्थानीय तहको न्यायिक समितिले व्यवहारिक ढङ्गले काम गर्नुपर्नेमा जोड दिदै कानुन दण्ड गर्ने हतियार नभई सहजिकरण गर्ने माध्यम भएकाले स्थानीय तहले आफ्नो भूगोल तथा संस्कृति अनुसारका कानुन निर्माण गर्नुपर्नेमा जोड दिएका थिए ।

संविधानले नै कानुन निर्माणका लागि अधिकार दिएको उल्लेख गर्दै त्यसको उपयोग गर्नुपर्नेमा भन्दै 'कानुन निर्माण गर्न कुनै अप्ठ्यारो अवस्था आयो भने त्यसको सहजिकरणका लागि आन्तरिक मामिला तथा कानुन मन्त्रालय तयार रहेको मुख्यमन्त्री कार्कीले वताएका थिए ।




सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रूख काट्नु सार्वजनिक अपराध हो । यसरी रूखहरू काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

सडक डिभिजन कार्यालय
विराटनगर प्रदेश नं. १

सार्वजनिक सूचना

आ-आफ्नो क्षेत्रमा भएका सामाजिक घटना (जन्म, मृत्यु, विवाह, बसाई-सराई, सम्बन्ध विच्छेद आदि) नजिकको पञ्जिकाधिकारीको कार्यालय (गाउँपालिका वा तोकिएको वडा कार्यालयहरु) मा दर्ता गराई कानुनी मान्यता प्राप्त गरौं। स्थानीय निकायलाई अभिलेख दुरुस्त राख्न सहयोग गरी नागरिकको दायित्व पूरा गरौं ।

ग्रामथान गाउँपालिकाको कार्यालय मोरंग, कोशी प्रदेश

# भान्सामै विभिन्न किसिमका औषधी

हामीले भान्सामा मसलाका रुपमा प्रयोग गर्ने धेरै कुरा औषधि भएको निकै कमलाई जानकारी हुन्छ। जिब्रोको स्वादका लागि आवश्यक ठानिएका ती मसलाले तन्दुरुस्त रहन सघाइरहेका हुन्छन् । कुन मसला कुन रोगका लागि लाभदायी हुन्छ त ?

**लसुन** : लसुनलाई खाना स्वादिस्ट बनाउने मसला मात्रै ठान्नु लसुनप्रतिको ठूलो अन्याय हो। मानव स्वास्थ्यका लागि धेरै लाभदायी गुण हुन्छन् लसुनसँग। एसिडिटीको समस्यामा यसको प्रयोग असाध्यै लाभदायी मानिन्छ । लसुनले उच्च रक्तचाप कन्ट्रोल गर्न मद्दत गर्छ। यसले रगत प्रसारणमा नियन्त्रण गरेर कतिपय अवस्थामा मुटुका रोग लाग्नबाट समेत जोगाउँछ। पेटका रोग जस्तै डाइरियाका लागि यसको प्रयोग असाध्यै प्रभावकारी ठानिएको छ। त्यसैगरी प्राचन प्रक्रियालाई यसले सघाउँछ। आत्तिने वा तनावबाट सिर्जना हुने एसिडिटी कन्ट्रोल गर्न पनि काम आउछ ।

लसुनमा रहेको डिटक्सि फिकेसन गुणका कारण विश्वमैं वैकल्पिक चिकित्सामा यसलाई सबभन्दा राम्रो खाद्य सामग्री मानिएको हो। यो त्यति शक्तिशाली हुन्छ, कतिपय पर जीविलाई शरीरभित्रै सिध्याइदिन्छ। मधुमेह र कति प्रकारका क्यान्सर समेत निको गर्न यसले मद्दत गर्छ। लसुन श्वासप्रश्वास प्रणालीका लागि पनि राम्रो हुन्छ। यसले टिबी, दम, निमोनिया, रुघालगायतका रोगको रोकथाम गर्न सक्छ ।

**खुर्सानी** : खुर्सानीको प्रयोग बुझेर गर्दा यसले ओखतीकै काम गर्छ । बङ्गारा दुखेमा सफा सिलौटामा मसिनो गरी खुर्सानीमा पानी मिसाई पिँधेर कपडाछान गर्नुपर्छ। यदि वायाँ बङ्गारो दुखेको छ भने दाहिने कानमा यसको झोल हाल्नुपर्छ। यदि खुर्सानी पानीले पोल्यो भने अलिकति घ्यू मनतातो पारेर एक दुई थोपा कानमा हाल्दा सन्चो हुन्छ ।

पुरानो खुर्सानीको बोटको जरा सुरक्षित राखी जरालाई चन्दन बनाएर मोतीया बिन्दु हुन लागेको या आँखामा लगाउदा आराम गर्छ ।

एउटा खुर्सानी पानीमा डुबाउनुपर्छ। त्यसलाई छानेर अलिकति मह मिसाई कुल्ला गर्दा घाँटीको घाउ निको हुन्छ। केही बेर पोल्न सक्छ ।

स्वर बन्द भएमार गला बसेमा तीन वटा खुर्सानी एउटा कागती तीन मासा बदाम, तीन ग्राम मिश्री र बबुरको गुँद पिधनु र गोली बनाउनुएर दिनमा दुई-दुई पटक गोली मुखमा राखी चुस्नुपर्छ। बसेको स्वर खुल्छ ।

मृगौला शुल एउटा खुर्सानी पानीमा हाली खुब पिँधि चन्दन जस्तो भएपछि शुल भएको ठाउमा लेप लगाउनु, दुख्ने एकदम छोड्छ।

निमोनिया एउटा खुर्सानीमा पानी हालेर खुब पिँधि चन्दन जस्तो लेप तयार भएपछि मनतातो बनाई दुखेको ठाउमा लेप गर्दा दुख्न छोड्छ । लेप लगाएको ठाउमा सहन नसक्ने गरी पोल्यो भने १५ मिनेट पछि लेप हटाई पोलेको ठाउमा गाईको घ्यू लगाई दिनु पर्छ ।

**ज्वानो** : ज्वानो एक मसला हो। यो उष्ण प्रकृतिको मानिन्छ। यसको प्रयोग तरकारी आदिमा बढी गरिएपनि नेपालमा यसको प्रचलन सुत्केरी अवस्थामा धेरै गरेको पाईन्छ। बच्चा र आमा दुवैको स्वास्थ्यको लागि परापूर्वकालदेखि यसको प्रयोग बढी लाभदायक मानिएको छ। ज्वानोको सबैभन्दा ठूलो विशेषता यसमा रहेको क्याल्सियम हो। एक चिया चम्चा ज्वानोमा ७६ मिलिग्राम क्याल्सियम पाइन्छ। कुपोषण भएका र लामो बिमारीपछि उठेका बालबालिका, वृद्धा, गर्भवती महिला सबैलाई ज्वानोको प्रयोगले गर्छ। सुत्केरी अवस्थामा ज्वानोले शरीरलाई चाहिने आवश्यक क्याल्सियमको परिपूर्ति गर्छ र दूध बढाउँछ। आमाको दूधबाट बच्चालाई पनि क्याल्सियम प्राप्त हुन्छ ।

यसले पाचनशक्ति बढाउँछ, हानीकारक जीवाणु एवम् कृमिनाश गर्छ, वायुविकार हटाउँछ। गर्मी, सर्दी दुवै मौसममा अनुकुल ज्वानोले फाइदा गर्छ। पेट दुखाइ कम गर्न, पेटका कृमिहरु नाश गर्न र पाठेघर सबल पार्न ज्वानोको प्रयोग फाइदा जनक छ। ज्वानोको बढी प्रयोग गर्दा हानी देखिएमा धनियाँको प्रयोग गर्नुपर्ने कुरा आयुर्वेदले मानेको छ ।

पेट दुखेमा ज्वानो पानी पकाएर थोरै नून मिसाई खान दिँदा पेट दुखेको कम हुन्छ। पेट फुलेमा भुटेको ज्वानो एक चम्चा र थोरै वीरेनून मिसाई पिस्ने र त्यो पाउडरलाई एकडेढ चम्चा तातो पानीसँग खाने गर्दा पेट फुल्ने ठिक हुन्छ। महिलाहरुमा सेतो पानी बग्ने समस्या भएमा नियमित रुपले चौलानी पानीमा भुटेको ज्वानोको पाउडर राखी फिटेर केही महिनासम्म पिउने गर्दा सुधार हुन्छ। ज्वानोको प्रयोग झोल बनाउँन, तरकारी एवम् भात, रोटी वा अन्य खानेकुरा आदि पनि गर्न सकिन्छ ।

**पुदिना** : पुदिना वा पतिना प्रायः चटनी वा अचारको रुपमा खाने गरिएको वनस्पति हो। पुदिना नेपाल, भारत, चीन लगायतका देशहरूमा प्रायः पाइन्छ । चिसो स्थान ठाउँमा भइरहने प्रायः गर्मीतिर फुल्ने गर्दछ। अचार, तरकारी आदिको रुपमा प्रयोग गरिने पुदिना ताजा एवं सुकाएर दुवै रूपमा प्रयोग गर्न सकिन्छ।

आयुर्वेदिक भनाइमा पुदिना स्वेद कारक, उष्ण, दीपन, एवं वायु कफनाशक, भोक बढाउने, मलमूत्रजन्य रोग रोकथाम गर्ने आदि गुणले भरिएको हुन्छ। यो खोकी, अजीर्ण लगायत विविध पेटका रोगहरुमा गुणकारी छ ।

दिनहुँ खानाको साथमा आधा चम्चा पुदिनाको रस वा ५/६ वटा ताजा पुदिनाको पात वा केही मात्रामा यसको अचार खाएमा अपच भएको अवस्थामा फाईदा हुन्छ ।

पेट फुल्ने वा अजीर्ण भएमा पुदिनाको १-२ चम्चा रस, केही मात्रामा वीरेनून राखी ४ गुणा मनतातो पानीसँग खाँदा पेट फुलेको ठीक हुन्छ ।

पुदिनाको ताजा वा सुकेको पातलाई चिया, सर्वत, चटनी आदि कुनै न कुनै रूपमा सेवन गरेमा क्यान्सरको शुरु अवस्थामा यसले औषधि जस्तै काम गर्दछ। दिनको १०/१५ वटा ताजा पातलाई थिचेर पानीमा मिसाई मह वा थोरै कागती र नून मिसाई दिनको २-३ पटक केही महिनासम्म खुवाउन सकिन्छ ।

कुनै अंगमा घाउ भएमा वा काटेको ठाउँमा रगत बग्न नरोकिएमा घाउ सफा गरी पुदिनाको पातलाई राम्ररी पखाल्ने र त्यसको रस निकाली लगाउँदा घाउमा रगत थामिन्छ र छिटो निको पार्न समेत मद्दत गर्छ ।

सामान्य कारणले कुनै व्यक्ति मुर्छा वा बेहोस् भएको छ भने पुदिनाको पातलाई माडेर केहीबेर सुँघाइदिँदा होस आउँछ ।

पुदिनाको रस निकाली आधादेखि २ चम्चासम्म रसलाई पानी मिसाई खानदिँदा ज्वरो घटदछ ।

पुदिनाको पातलाई पानीमा पकाउँने, पानी सुकेर रहेको चौथाइ मात्रालाई विहान पिउँदा पेटको दुखाइमा आराम हुन्छ ।

पुदिनाको पात पानीमा पकाइ पिउँदा दम र खोकीमा सुधार हुन्छ। घाँटी बढी खसखस भएर खोकी लागेमा पनि यसको प्रयोगले फाइदा पुग्छ ।

**अदुवा** : आयुर्वेदिक चिकित्सा पद्धतिमा अदुवालाई महाऔषधिको नाम दिइएको छ। फिलिपिन्समा अदुवा चपायो भने दुष्टात्माहरु नष्ट हुन्छन् भन्ने विश्वास गरिन्छ । अठारौं शताब्दीतिर युरोपमा अदुवाले यौनशक्ति बढाउछ भनेर विश्वास गरिन्थ्यो। यसको प्रयोगले गर्दा शरीरमा रोग प्रतिरोधात्मक शक्ति बढाउने र तागत दिने हुनाले यसमा यौनशक्ति बढाउने क्षमता पनि रहेको हुन्छ भन्ने ठानिन्छ ।

अदुवामा पनि एक प्रकारको गन्धरहित तेल हुन्छ। त्यसैले अदुवा चपाएर राख्दा पनि मुखबाट कुनै गन्ध आउदैन। अदुवालाई ताजा र सुकाएर प्रयोग गर्न सकिन्छ। सुकाएको अदुवालाई सुठो भनिन्छ। जाडोमा अदुवाको काँढा बनाएर खाने चलन छ। रुघाखोकी, घाटी दुख्दाको वेलामा अदुवाको टुक्रालाई सफा गरेर पोलेर मुखमा राखिराख्दा घाटीबाट हुने दुखाइ धेरै नै कम हुन्छ ।

गर्भावस्थाको सुरुसुरुको एक टुक्रा अदुवा मुखमा हालेर रस निलिरहँदा वाकवाकी हुने समस्या धेरै कम हुन्छ ।

अपच भएको बेलामा अदुवाको ससाना टुक्रालाई बिरेनूनसंग मिसाएर खानाले अपचको समस्या कम हुन्छ। अदुवाभित्रका केही तत्वहरुले कोलेस्टेरोल नामको बोसो घटाउन मद्दत गर्छन् र मुटुको रोगबाट बचाउँछन्। विदेशतिर जिन्जरओला भनेर अदुवाबाट निकालिएको रस बेचिन्छ ।

**हींग** : हींगलाई भगवानको खाना भनिन्छ। यसले खानाको स्वाद र सुगन्ध बढाउने मात्र नभई विभिन्न रोगबाट पनि बचाउछ। यसले पाचनक्रिया मजबुत बनाउछ। श्वासप्रश्वाससम्बन्धी रोगबाट बचाउछ। रोघाखोकी लाग्नबाट बचाउछ। तातो पानीमा राखेर हिंग खाँदा ब्रोन्काइटिसमा राहत मिल्छ। पेट दुख्दा तातो पानीसंग हींग खाँदा दुखाई कम हुन्छ। दाँत दुखेमा हींग खाँदा राहत मिल्छ । दुखाई भएको ठाउमा हींगको लेप लगाउदा दुखाई कम हुन्छ। रोग प्रतिरोधात्मक क्षमता बढाउछ। दाद, लुतो भएको ठाउमा हिंगको लेप लगाउदा औषधिको काम गर्छ। कब्जियत भएमा तातो पानी र हिंग खाँदा फाइदा हुन्छ ।

**गोलभेंडा** : नेपाली भान्छामा अचारका रूपमा प्रयोग गरिने, तरकारीमा प्रयोग गरिने र सलादका रूपमा खाइने खाद्य पदार्थ हो, गोलभेंडा। पाकेको गोलभेंडा हेर्नमा जति आकर्षक देखिन्छ, उति नै लाभकारी पनि मानिन्छ ।

गोलभेंडाको इतिहास निकै पुरानो छ। गोलभेंडा गुलियो, अमिलो, पाचक, शक्तिवर्द्धक र रुचिबर्द्धक हुनुका साथै यसले अतिसार, पेट र मोटोपना रोक्ने औषधिको पनि काम गर्छ। यसमा लौह तत्वको मात्र दूधभन्दा दुई गुणा र अंगुर, मौसम, तरबुजा तथा खरबुजाको तुलनामा बढी पाइन्छ। गोलभेंडामा क्याल्सियम, चुना, गन्धक, साइट्रिक एसिडलगायतका तत्व पाइन्छ। गोलभेंडा भिटामिनको भण्डार हुन्छ। गोलभेंडा सेवन गर्दा कब्जियतको समस्या समाधान हुन्छ, रक्त विकारबाट मुक्ति मिल्छ, सुख्खा, एक्जिमाजस्ता रोगमा रामबाण मानिन्छ ।

गोलभेंडा खाने मानिसमा मधुमेह, रुघा, दाँतको समस्या, रक्तस्रावजस्ता रोग लाग्दैन। साथै नेत्र रोगको समस्या पनि हुँदैनात्यसो त गोलभेंडा खानाले गम्भीर रोग पनि लाग्छ, जसमा क्यान्सर, पत्थरी, जोर्नी दुख्ने रोग, टाउको दुखाई, कमर दुखाइ पर्छ। यसकारण सन्तुलित मात्रामा नियमित गोलभेंडाको सेवन स्वास्थ्यवर्द्धक हुन्छ भने बढी सेवन कष्टकारक पनि बन्न सक्छ ।

# मुद्दा हालेर करोपति, गिनिज बुक माथि पनि मुद्दा

मानिसहरुका पैसा कमाउने काइदा फरक-फरक हुन्छन् । कतिपयले थोरै पैसा कमाउनका लागि पनि ठूलै परिश्रम गर्नुपर्छ। तर, कतिपयले भने अचम्मैसँग दिमाग घुमाएर अपत्यारिलो तरिकाले सजिलै मनग्गे रकम कुम्ल्याउँछन्।

एकजना व्यक्तिले पैसा कमाउनका लागि कसैसँग निहुँ खोज्नुको हद नै पार गरिदिएका छन्। उनले कानुनलाई नै पैसा कमाउने हतियार बनाएर करोडपति बनेका छन् ।

मानिसले विभिन्न काम गरेर पैसा कमाउँछन्। तर ती व्यक्तिको काम नै जोकोहीविरुद्ध मुद्दा हाल्ने हो। ती व्यक्तिले हालसम्म २६०० भन्दा धेरै मानिसविरुद्ध मुद्दा हालेका मात्र छैनन् अधिकांश मुद्दा जितेका छन् र क्षतिपूर्तिबापत करोडौं रुपैयाँ प्राप्त गरेका छन् ।

अमेरिकी नागरिक जोनाथन ली दुनियाँमा सबैभन्दा धेरै मुद्दा हाल्ने व्यक्ति हुन्। धेरै मानिसहरुलाई यस्ता कीर्तिमान का कारण गिनिज बुकमा नाम लेखाउने धोको हुन्छ। तर, उनले त आफ्नो यस्तो कीर्तिमानको कुरा छाप्ने गिनिज बुकविरुद्ध समेत मुद्दा हाले ।

जोनाथले सबैभन्दा पहिले आफ्नी आमाविरुद्ध मुद्दा हालेर आफ्नो मुद्दा मामिलायुक्त जीवनको सुरुवात गरेका थिए ।

आमाले आफूलाई राम्रोसँग हेरचाह र पालनपोषण नगरेको भन्दै क्षतिपूर्ति माग गरेका थिए। उक्त मुद्दामा अदालतले उनलाई आमाबाट २० हजार डलर क्षतिपूर्ति भराउन आदेश दिएको थियो ।

त्यसपछि उनले आफ्ना साथी, छिमेकी, नातागोता, पुलिस, न्यायाधीश, आफ्नै प्रेमिका, कलाकार तथा चर्चित कम्पनी मात्र होइन अमेरिकी पूर्वराष्ट्रपति जर्ज बुसमाथि समेत मुद्दा हाले ।

उनले अदालतमा हाल्ने मुद्दामा आफूले पाएको दुःख तथा मानहानीको लागि उचित क्षतिपूर्ति भराउन माग गर्दथे ।

उनले अदालतमा कानुन बमोजिम मुद्दा जितेर मोटो रकम कमाउन सफल भए । तर विकिपिडियाले भने उनलाई संसारकै सबैभन्दा ठूलो ठग भनेर लेखेको थियो।

उता गिनिज बुक अफ वर्ल्ड रेकर्डले उनलाई संसारमा सबैभन्दा धेरै मुद्दा हाल्ने व्यक्ति भनेर गिनिज बुकमा दर्ज गरेको थियो। तर, उनलाई त्यो पनि पचेन। आफ्नो अनुमति बिना निजी कुरा प्रकाशित गरेको भन्दै उनले गिनिज बुक अफ वर्ल्ड रेकर्डको प्रकाशकविरुद्ध पनि मुद्दा हाले। जसबापत गिनिज बुक अफ वर्ल्ड रेकर्डले उनलाई लाखौं डलर डलर क्षतिपूर्ति तिर्नुपरेको थियो ।

एकपटक उनी एउटा टेलिभिजन कार्यक्रममा अतिथि बनेर अन्तरवार्ता दिन पुगेका थिए। कार्यक्रम प्रस्तोताले उनलाई सोधे, 'तपाईं यतिधेरै चर्चित हुनुहुन्छ तर एक्लै बस्नुभएको छ, के तपाईंलाई मन पराउने कोही छैन ?'

त्यसको जवाफ नदिइ जोनाथन हाँस्न थाले र टिभी शो छाडेर हिँडे। त्यसको लगत्तै उनले उक्त टेलिभिजन च्यानलविरुद्ध आफ्नो मानहानी गरेको भन्दै मुद्दा हाले ।

अदालतले जोनाथनको मानहानी भएको ठहर गर्दै उनलाई ५० हजार डलर क्षतिपूर्ति दिन टेलिभिजनलाई आदेश दियो ।

अनौठो त के भने जब अदालतमा कुनै पनि मुद्दामा उनको विपक्षमा फैसला हुन्थ्यो, तब उनले उक्त फैसला गर्ने न्यायाधीशविरुद्ध नै मुद्दा हाल्थे ।

सन् २००० को दशकमा जोनाथनले यतिधेरै मुद्दा मामिलाबाट मनग्गे रकम कमाएका थिए र उनी अमेरिकामा मुद्दाको पर्यावाची नै बनेका थिए ।


## हार्दिक अनुरोध

- सार्वजनिक स्थानमा छाडा चौपाया नछाडौ ।
- बाळश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थानमा फोहर नफाळौ । गाउँळाई सफा राखौ ।
- महिला हिंसा अन्त्यका लागि आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

धनपालथान गाउँपालिकाको कार्यालय कर्सिया,मोरंग, कोशी प्रदेश

# बजेट कार्यान्वयनमा शंकानगर्न आग्रह



विराटनगर। कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले प्रदेश सभामा प्रतिस्थापन विधेयकबाट आएको बजेट पूर्ण रूपमा कार्यान्वयन हुने बताउनु भएको छ। आइतबार आर्थिक मामिला तथा योजना मन्त्रालयमा आयोजित सञ्चार कर्मीसङको अन्तरक्रियामा उहाँले बजेट कार्यान्वयनमा कुनै शङ्कानगर्न आग्रह गर्नुभएको हो।

बजेट भौतिक विकासमा मात्र केन्द्रित नरहेको उल्लेख गर्दै प्रतिस्थापन विधेयकले मानवीय विकासलाई समेत जोड दिएको बताउनु भयो। 'प्रस्तुत कार्यक्रमहरू विधेयक पास भएको भोलि पल्टदेखि कार्यान्वयनमा जान्छ। उहाँले भन्नुभयो, समुन्नत प्रदेशका लागि हामीले पाइला चालिसकेका छौं।'

मुख्यमन्त्री कार्कीले व्यक्तिगत स्वार्थका योजना तथा कार्यक्रम पेस नगर्न आग्रह समेत गर्नुभएको छ। 'यो पटक बाटै हामीले सुरुवात गरिसकेका छौं। व्यक्तिगत रूपमा योजना ल्याएर बजेटको निकासा गरी छर्ने काम अब हुन्न। अब योजना आयोगले तय गरेका कामहरू प्राथमिकता र योजनाबद्ध तवरले हुनेछन्। त्यसका लागि आयोगले पनि काम सुरु गरिसकेको छ।'

आर्थिक मामिला तथा योजना मन्त्रीको समेत जिम्मेवारीमा रहनुभएका मुख्यमन्त्री कार्कीले शनिवार लोक प्रिय कार्यक्रमहरू समेट्दै आर्थिक वर्ष २०८०-८१ को बजेट सम्बन्धी अध्यादेश प्रतिस्थापन गर्ने विधेयक प्रदेशसभामा पेस गर्नुभएको थियो। विधेयकमा १० वर्षसम्मका बालबालिकाको निःशुल्क उपचार गर्ने, तमोरको पानी धरान ल्याउने, धुलो दूध र घिउ निर्यातमा अनुदान दिने, हात्ती मैत्री जङ्गल बनाउने, इटहरीमा प्रादेशिक जलन अस्पताल निर्माण गर्ने, विराटनगरमा सैलजा आचार्य हृदय रोग उपचार केन्द्रको व्यवस्था मिलाउने, प्रत्येक जिल्लामा निःशुल्क कानुनी उपचार केन्द्रको व्यवस्था मिलाउने, भूमिहीन तथा सुकुम्वासीले घडेरी खरिद गर्ने प्रयोजनका लागि बैंङक तथा वित्तीय संस्थाबाट लिएको कर्जाको ब्याज मिनाहा गर्ने लगायतका महत्त्व पूर्ण कार्यक्रम समावेश गरिएका छन्।

# म तिखा प्रश्न चाहन्छु, उत्तर दिन विज्ञ खोज्नु परोस्

विराटनगर। कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले सदनलाई प्रभावकारी र नतिजामुखी बनाउनका लागि सांसदको भूमिका महत्त्वपूर्ण हुने बताएको छ।

कोशी प्रदेश आर्थिक अध्यादेशलाई प्रतिस्थापन गर्न अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०८० माथि छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिने क्रममा आइतवारउहाँले यस्तो वताएको थियो।

मुख्यमन्त्री कार्कीले भेन 'मलाई लागेको थियो प्रश्न तिखा तिखा आउँछन् र म यांखर्यांख्ती हुन्छु। मलाई उत्तर दिनका लागि विज्ञ चाहिन्छ भनेर आशा गरेको थिएँ र आगामी दिनमा पनि आशा गर्दछु।' उहाँले सदनभित्र हुने गहन छलफलले उत्तर मात्रै नभई प्रतिफल पनि आउने विश्वास व्यक्त गरेका थिए।

सरकार खबरदारी गरेको मन पराउने भएकाले प्रश्न गर्दैमा मुख्यमन्त्री मन्त्रीहरू रिसाउनुहुन्छ भन्ने संशयमा नपर्न आग्रह गरेका थिए।

विधेयक माथि छलफलमा प्रदेश सभा सदस्यहरु गम्बु शेर्पा, सपना दर्जी किशोर चन्द्र दुलाल, विदुर कुमार लिङ्थेप, राजन किराँती, विनोद राई, डोल्मा तामाङ, छवि चुँडाल, राम प्रसाद महतोले भाग लिएको थियो।

यो धुमपानको आदत सजिलो तरीकाले कहाँ छुट छ,, पहिले सिग्रेट हामी फुक्छौ, फेरी सिग्रेट हामीलाई फुकि हाल्छ।

हार्दिक अनुरोध

- सार्वजनिक स्थानमा छाडा चौपाया नछाडौ।
- बालश्रमको प्रयोग नगरौं।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख बिरुवा रोपौं।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं।
- धर्म, संस्कृतिको संरक्षण गरौं।
- सार्वजनिक स्थानमा फोहर नफालौ। गाउँलाई सफा राखौ।
- महिला हिंसा अन्त्यका लागि आ-आफ्नो ठाउँबाट काम गरौ।
- जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं।

कटहरी गाउँपालिकाको कार्यालय कटहरी, मोरंग, कोशी प्रदेश

# धनकुटाका पर्यटकीय क्षेत्र पर्यटनकर्मी द्धारा अवलोकन

धनकुटा। धनकुटा नगरका पर्यटकीय क्षेत्रहरूको पहिचान र अवलोकनका लागि पर्यटन कर्मीहरुको टोली धनकुटा आएको छ। पर्यटकीय क्षेत्रहरूको पहिचान, अवलोकन र प्रचारप्रसारका लागि पर्यटनकर्मी तथा पर्यटन व्यवसायीहरूको १५ सदस्यीय टोली धनकुटा आएको हो।

धनकुटा नगरपालिका, इसिमोड, कम्युनिटी होमस्टे नेटवर्क, स्मार्ट पानी र हुसाडेक नेपालको सहकार्यमा पर्यटन प्रवर्द्धनका लागि उनीहरूलाई धनकुटा ल्याइएको हो। सो टोलीलाई आज धनकुटा नगरपालिकाले कार्यक्रम आयोजना गरी स्वागत गरेको छ। धनकुटा नगर पालिकाका प्रमुख चिन्तन तामाङ, उपप्रमुख भिमादेवी खनाल, आर्थिक विकास अधिकृत विकास अधिकारी लगायतले फूलमाला लगाएर उनीहरूलाई स्वागत गरे।

कार्यक्रममा धनकुटा नगर प्रमुख तामाङले धनकुटा नगरमा पर्यटन प्रवर्द्धनका लागि नगरपालिकाले निरन्तर प्रयास गरिरहेको बताए। पर्यटन कर्मीहरुको टोलीलाई स्वागत गर्दै उनले यहाँका पर्यटकीय क्षेत्रहरूलाई आ-आफ्नो क्षेत्रबाट प्रचारप्रसार गरेर सहयोग गर्न आग्रह गरे। कार्यक्रममा पर्यटनकर्मी अनु लामाले पर्यटकीय हिसाबले धनकुटा महत्वपूर्ण क्षेत्र रहेकाले यहाँको पर्यटन प्रवर्द्धनमा भूमिका निर्वाह गर्ने धारणा राखिन्।

देशका विभिन्न क्षेत्रमा रहेर पर्यटन प्रवर्द्धनको काम गर्दै आएका लेखक, ब्लगर, ट्राभल एजेन्सीकर्मी, टुरिस्ट गाइड लगायत टोलीमा सहभागि छन्। पाँच दिनसम्म धनकुटामा रहने उनीहरूले यहाँका पर्यटकीय क्षेत्रहरू, होमस्टे व्यवसाय, आठपहरिया जातिको संस्कृति लगायत अवलोकन गरेर प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धनमा भूमिका निर्वाह गर्नेछन्।

# संघिय सरकारसँग सहकार्य र संघर्ष गर्छौं : मुख्यमन्त्री

विराटनगर। कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले सङ्घीय सरकारसँग सहकार्य मात्रै नभई सङ्घर्ष पनि गर्ने बताउनुभएको छ। मङ्गलवार विराटनगरमा आयोजित स्थानीयतहहरूको असल अभ्यास आदान प्रदान कार्यक्रमको उद्घाटन समारोहमा बोल्दै मुख्यमन्त्रीकार्कीले यस्तो बताउनु भएको हो।

संविधानको कार्यान्वयन सही ढङ्गले गर्नुपर्नेमा जोड दिँदै मुख्यमन्त्री कार्कीले भन्नुभयो, 'जबसम्म हामी पुरातन सोचमा हुन्छौं तबसम्म हामी अगाडि बढ्न सक्दैनौं। हामीले के गर्नेहो भन्ने कोराको योजनाका साथ जानुपर्ने हुन्छ। त्यसैले अहिलेको सरकारले संघ सरकारले समन्वयमात्रै नभई आफ्ना अधिकारहरू स्थापित गर्न सङ्घर्ष पनिगर्दछ।'

मुख्यमन्त्री कार्कीले सरकारका संयन्त्रहरू दिगो विकाशका लक्ष्यअनुसार काम गर्नुपर्ने बताउनुभयो। 'हामीले त काम सुरु गरिसकेका छौँ, कनिकासरी बजेट छर्ने परिपाटी अन्त्यगर्दै छौँ, प्रदेशले कतिसम्मकाकार्यक्रम गर्ने, संघले कति र स्थानीयतहले कति गर्ने भन्ने कुरामा मापदण्ड बनाउनुपर्छ। उहाँले भन्नुभयो, ताकि संघ सरकारले पनि साना योजनामा बजेट नछरोस् प्रदेशले त साना योजना कटौती गरिसकेको छ।'

सङ्घीय मामिलातथा सामान्य प्रशासनमन्त्री अनिता देवीको प्रमुख आतिथ्यमा भएको कार्यक्रमको सभापतित्व मुख्यमन्त्री कार्कीले गर्नुभएको थियो। संघीय मन्त्री देवीले तीनै तहको सरकारबीच समन्वय भएमात्र विकासले गति लिनसक्ने बताउनु भयो। उहाँले भन्नुभयो,'स्थानीय सरकारले अब कसरी अघि बढ्ने भनेर एउटा रोडम्याप बनाउन जरुरी छ।' मन्त्री देवीले विनियोजित बजेट समेत स्थानीय सरकारबाट खर्च हुन सक्ने अवस्था सिजर्ना हुनु योजना तथा तयारीको अभावले हुने गरेको जिकिर गर्नुभयो।

प्रदेशका प्रमुख सचिव डा. दीपक काफ्लेले कतिपय संघीय कानुन निर्माण हुन नसक्दा साझा अधिकार सूचीमा रहेका अधिकारहरुको प्रयोग हुन नसकेको बताउनु भयो। कार्यक्रममा विराटनगर महानगरका मेयर नागेश कोइराला,प्रदेश योजना आयोगका उपाध्यक्ष पुरञ्जन आचार्य, विभिन्न स्थानीय तहका प्रमुख तथा प्रतिनिधि तथा सरोकारवाला निकायका प्रतिनिधि हरूको सहभागिता रहेको थियो।

सङ्घीयता कार्यान्वयनसँगै लोकतन्त्रको सुदृढीकरण गर्ने मुख्य उद्देश्यका साथ सञ्चालित असल अभ्यास कार्यक्रममा भएका उपलब्धिहरूका बारेमा भोलिसम्म प्रस्तुति दिइने छ।

खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी

अति आवश्यक जानकारी

एलपी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरुरी हुन्छ। त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउनु हुन सम्पूर्ण उपभोक्तावर्गमा अनुरोध छ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु



- सिलिन्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिन्डर सधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्टाएर प्रयोग नगरौं।
- रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं।
- काम सकिएपछि सधैं रेगुलेटर बन्द गर्न नबिर्सौं।

नेपाल आयल निगम
कोशी प्रदेश कार्यालय
विराटनगर

हार्दिक अनुरोध

- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौ।
- बालश्रमको प्रयोग नगरौं।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख बिरुवा रोपौं।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं।
- धर्म, संस्कृतिको संरक्षण गरौं।
- सार्वजनिक स्थलमा फोहर नफालौ। गाउँलाई सफा राखौ।
- महिला हिंसा अन्त्यका लाग आ-आफ्नो ठाउँबाट काम गरौ।
- जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं।

बुढीगंगा गाउँपालिका मोरंग, कोशी प्रदेश